प्रमाणिकरण मितिः-२०७७/०७/२५

ऐन नं. - २६

# लिखु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन, २०७७

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९को सूचीमा उल्लेख भए बमोजिम तथा स्थानीय सरकारका नीति तथा कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१, उपधारा २ तथा धारा २२६ बमोजिम,

लिखु गाउँपालिकाको आठौं गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम लिखु गाउँपालिकाको "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशन भए पछि लिखु गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

**२. परिभाषाः** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले लिखु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले लिखु गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले यस ऐन अन्तर्गत बन्ने कार्यविधि सम्झनु पर्दछ। सो शब्दले यस ऐन बमोजिम स्वीकृत भई लागू हुने निर्देशिका र मापदण्ड समेतलाई जनाउँदछ।

(घ) "गाउँपालिका" भन्नाले लिखु गाउँपालिका सम्झनु पर्छ।

(ङ) "नियम" भन्नाले यस ईन अन्तर्गत बन्ने नियमावलीलाई सम्झनु पर्दछ।

(च) "स्थानीय सरकार" भन्नाले लिखु गाउँ कार्यपालिका, ओखलढुंगालाई सम्झनु पर्दछ।

(छ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिम गठित गाउँसभा सम्झनु पर्छ।

(ज) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकारः** (१) नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले आफ्नो कार्य सम्पादन गर्न र सबै प्रशासकीय विषय नियमित निमित्त गर्नको निमित्त लिखु गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

(३) उपदफा (१) अन्तर्गत बनाईएका नियमहरुले प्रशासकीय कार्यविधि सम्बन्धी प्रचलित स्थानीय नियम, निर्देशिका, कार्यविधि, आदेश र मापदण्ड खारेज गर्न र संशोधन गर्न सक्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही लिखु गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**५. असर नपर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा प्रचलित स्थानीय, प्रदेश र संघीय कानूनमा छुट्टै व्यवस्था भएमा त्यस्तो विषयमा यस ऐनमा लेखिएको कुनै कुराले असर पार्ने छैन ।

**६. बचाउः** यस ऐन लागू हुनु पूर्व स्थानीय सरकारले यस ऐन संग सम्बन्धित हुने गरि गरेको निर्णय, आदेश वा कुनै कानूनी व्यवस्था भएको भएमा यसै ऐन बमोजिम भएको मानिनेछ ।